आज मिति २०८२।०२।१५ गते (ने.स.११४५ तछलाथ्व तृतिया) विहिबारका दिन विहान ११:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८१/८२ को २३ औ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य ( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य ( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य ( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य ( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य ( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य ( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य ( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| राम प्रसाद शर्मा कंडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| | | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| रमेश थापा | सूचना प्रविधि अधिकृत | |
| | | |
| | | |

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**पोखरेबगर म्याग्दी**

गाउँ अन्नपूर्ण गाउँपालिका कार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल

**गण्डकी प्रदेश, नेपाल।**

कार्यपालिका बैठक मिति : २०८२।०२।१५ गते

समय : विहान ११:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८२।०२।१३ गते

**मिति २०८२।०२।१५ गतेको कार्यपालिका बैठकका प्रस्तावहरुः-**

प्रस्ताव नं १ : पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा
प्रस्ताव नं २ : पर्यटन महोत्सव (अन्नपूर्ण डे) को सम्बन्धमा
प्रस्ताव नं ३ : म्याग्दी महोत्सवको भुक्तानी सम्बन्धमा,
प्रस्ताव नं ४: सूचना प्रविधि अधिकृत तह र पारिश्रमिक मिलान सम्बन्धमा
प्रस्ताव नं ५ : हेलो सरकारमा परेको गुनासो सम्बोधन गर्ने सम्बन्धमा,
प्रस्ताव नं ६ : स्वयंसेवक उद्धारकर्मी विपद् प्रतिकार्य तालिम सञ्चालन सम्बन्धमा,
प्रस्ताव नं ७ : घरधुरी सर्वेक्षणको गणकको पारिश्रमिक सम्बन्धमा
प्रस्ताव नं. ८ : कृषि विकास कार्यक्रम अन्तर्गत कृषिक फर्म छनौट सम्बन्धमा
प्रस्ताव नं ९: : 'घ' वर्गको इजाजत पत्र जारी गर्ने सम्बन्धमा,
प्रस्ताव नं १० : सेकार्कु तातोपानी कुण्डमा पूर्वाधार निर्माण सम्बन्धमा
विविध प्रस्तावहरु

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १ :

प्रस्ताव नं १ उपर छलफल गर्दा कार्यपालिकाको पूर्व निर्णयहरुको समीक्षा गर्दा तपसिलको अनुसार गर्ने गरी पुर्व निर्णयहरु समीक्षा गरियो ।

१) चालु आ.व.मा वडा तर्फ विनियोजन भएका केही खरिदका कार्यक्रमहरु आवश्यकता र प्राथमिकताको निर्धारण गरी तुरुन्त कार्य अघि बढाउने ।

२) मिति २०८१।०६।१४ गतेको कार्यपालिकाबाट निर्णय भएको गाउँपालिकाको भित्रको स्थानीय सडकहरु मोटरबाटो मर्मत र सरसफाइको कतिपय वडाहरुको भुक्तानी नभएकाले आवश्यक प्रकृया पुऱ्याएर भुक्तानी गर्ने ।

निर्णय नं २ :

प्रस्ताव नं २ उपर छलफल गर्दा पर्यटन महोत्सव (अन्नपूर्ण डे) को लागि पर्यटन विकास समितिको बैठकले गरेको जिम्मेवारीहरुलाई अनुमोदन गर्दै। अन्नपुर्ण डे सफल तयार पार्नको लागि सबै वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, गाउपाँलिकाको कर्मचारीहरुले आ-आफ्नो ठाउबाट सहयोग गर्ने ।

निर्णय नं ३:

प्रस्ताव नं ३ उपर छलफल गर्दा म्याग्दी उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको मुल आयोजनामा सम्पन्न आठौं म्याग्दी महोत्सव एवं माघे संक्रान्ति मेला, प्रदेश स्तरीय कृषि, पर्यटन, औद्योगिक व्यापार मेला-२०८१ को लागि गाउँसभाको २० औ अधिवेशनबाट 'म्याग्दी महोत्सव' शिर्षकमा रु १५०,०००/- विनियोजन गरिएको र मुल आयोजकको तर्फबाट मिति २०८२।०१।२४ गते गाउँपालिका कार्यालयमा भुक्तानी माग भएकाले उक्त रकम माग भए बमोजिम भुक्तानी दिने ।

निर्णय नं ४:

प्रस्ताव नं ४ उपर छलफल गर्दा सूचना प्रविधि अधिकृतको तह र तलब मिलान सम्बन्धमा गाउँ कार्यपालिकामा कार्यरत सूचना प्रविधि अधिकृतको करार र पारिश्रमिक सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम) समन्वय इकाइको मिति २०८२।११।२३ गतेको पत्राचारमा सूचना प्रविधि अधिकृतको योग्यता पारिश्रमिक तथा सेवा सुविधा लोक सेवा आयोगले कम्प्युटर ईन्जिनियर वा कम्प्युटर अधिकृत

रा.प.तृतिय वा प्रदेश तथा स्थानीय तहको नियमानुसार अधिकृत सरह पदका लागि तोकिए बमोजिम हुनेछ भनिएकोमा यस गाउँपालिकामा नेपाल सरकारको रा.प. तृतीय श्रेणी सरहको तलब भत्ता पाउने गरी मिति २०७६।१२।१० गते नियुक्ती गरिएकोमा गण्डकी प्रदेश सरकारले जारी गरेको स्थानीय सेवा (गठन तथा सञ्चालन ) सम्बन्धी नियमावली २०८० को नियम ५मा शैक्षिक योग्यता र नियम ७ को उपनियम १ बमोजिम अनुसुची २ मा स्थानीय तहमा आवश्यक पद र शैक्षिक योग्यताको बारेमा उल्लेख भएको र गण्डकी प्रदेशको अन्य गाउँपालिका तथा नगरपालिकाहरुमा समेत तह मिलान गरी सातौ तह कायम गरेको देखिएकाले निजले कार्यालयमा पेश गरेको निवेदन अनुसार मिति २०८२।०४।०१ देखी लागु हुने गरी तह मिलान गर्न प्रमुख प्रशासकीय अधिकृतलाइ निर्देशन दिने ।

**निर्णय नं ५ :**

प्रस्ताव नं ५ उपर छलफल गर्दा हेलो सरकारमा अनलाईन मार्फत परेको गुनासोको सम्बन्धमा तपसिल बमोजिमको प्रतिकृया दिने ।

१) हेलो सरकारमा टिकट नं HS-WEB-८१९७३ मा प्रनिश थापा (९८६७८६६१९९) ले गाउँपालिका स्तरीय अस्पताल भवन निर्माण भएको २ वर्ष बित्दा पनि सेवा अन्योल देखिएको भन्ने सम्बन्धमा राखिएको गुनासो सम्बन्धमा गाउँपालिकाले उक्त अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने जनशक्ति तथा औषधी उपचारको लागि संघीय तथा प्रदेश सरकारका मन्त्रालयहरुका साथै विभागहरुमा पत्राचार गरिएको र हाल गाउँपालिकाको सबै आन्तरिक स्रोत खर्चेर सञ्चालन गर्न सक्ने अवस्था नरहेको अवस्था रहेकाले उक्त समस्या भएको जानकारी दिने ।

२) हेलो सरकारमा टिकट नं HS-WEB-८०५३२ मा प्रनिश थापा (९८६७८६६१९९) ले योजनाबिनै किनिएको कृषि एम्बुलेन्स प्रयोगविहीन भन्ने गुनासो सम्बन्धमा कृषि एम्बुलेन्स कृषकको माग अनुसार सेवा दिने गरिएको जानकारी दिने ।

३) हेलो सरकारमा टिकट नं HS-WEB-८२६४७ मा प्रनिश थापा (९८६७८६६१९९)ले पाँच करोड बढी खर्चेर निर्माण भएको पालिकास्तरीय अस्पताल भवन प्रयोगविहीन भन्ने सम्बन्धमा राखिएको गुनासो सम्बन्धमा गाउँपालिकाले उक्त अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने जनशक्ति तथा औषधी उपचारको लागि संघीय तथा प्रदेश सरकारका मन्त्रालयहरुका साथै विभागहरुमा पत्राचार गरिएको र हाल गाउँपालिकाको सबै आन्तरिक स्रोत खर्चेर सञ्चालन गर्न सक्ने अवस्था नरहेको अवस्था रहेकाले उक्त समस्या भएको जानकारी दिने ।

निर्णय नं ६:

प्रस्ताव नं ६ उपर छलफल गर्दा सशस्त्र प्रहरी बल विपद् व्यवस्थापन बेश नारच्याङ, म्याग्दीको चलानी नं ७०, मिति २०८२।०२।०५ गतेको पत्र र सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म म्याग्दीको प.स. ०८१/८२, चलानी नं २३७, मिति २०८२।०२।०७ गतेको आवश्यक सहयोग गरिदिने पत्रको साथ प्राप्त स्वयंसेवक उद्धारकर्मी विपद् प्रतिकार्य तालिमको प्रस्ताव पत्र स्वीकृत गरी मिति २०८२।०२।२४ देखी २०८२।०२।२६ गते सम्म तीन दिने सामुदायिक विपद् प्रतिकार्य तालिम (Community Disaster Volunter Training) सञ्चालन गर्ने र उक्त तालिममा प्रत्येक वडाबाट ३/३ जना वडासदस्यहरु तथा विपदमा खटिने/खटाउने सकिने स्थानीयलाई तालिम दिने गर्ने व्यवस्था गर्ने र उक्त तालिमको लागि चालु आ.व.को स्वीकृत कार्यक्रम **जनप्रतिनिधि क्षमता विकास तालिम ( कानुन प्रबोधिकरण समेत)** शिर्षकबाट खर्च व्यहोर्ने।

निर्णय नं ७ :

प्रस्ताव नं ७ उपर छलफल गर्दा गाउँपालिकाको सामाजिक आर्थिक जोखिम सूचना व्यवस्थापन प्रोफाइल निर्माण गर्न UNDP बाट हस्तान्तरण भएको SEVIMS प्रणालीमा घरधुरी सर्वेक्षण गर्न गणकहरुको लागि प्रति घरधुरीको सर्भे गरेवापत ( तथ्याङ्क पूर्ण भए वापत) लिए रु १६० दरले दिने गरी जम्मा घरधुरी संख्याको आधारमा प्रदान गरिनेछ । साथै मोबाइल डाटाको लागि थप रु १०००/- (एक हजार) एकमुष्ट प्रदान गर्ने ।

निर्णय नं ८ :

प्रस्ताव नं ८ उपर छलफल गर्दा कृषि विकास कार्यक्रम अन्तरगत तपसिल बमोजिम गर्ने ।

१) चालु आ.व. २०८१।८२ को गाउँपालिकाको कृषि विकास शाखा तर्फको स्वीकृत बार्षिक कार्यक्रम **उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको लागि** ११ वटा निवेदन पेश भएको र उक्त निवेदकहरुबाट तपसिलको कृषकहरु छनौट गर्ने तथा मिति २०८२/०२/२७ गतेको राष्ट्रिय कृषक दिवसको दिन छनौट कृषकहरुलाई लाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्ने ।

| क्र स | कृषक/कृषि फर्म / कृषक समूहको नाम | ठेगाना | बाली | उत्पादन | कैफियत |
|---|---|---|---|---|---|
| १ | मन बहादुर बरुवाल | अन्नपूर्ण ६ | उवा | ८४ के जी | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | मेख बहादुर बरुवाल | अन्नपूर्ण ६ | कोदो | २६४ केजी | |
| ३ | कृष्ण कुमारी खड्का | अन्नपूर्ण ६ | केराउ | ५७.३ के जी | |
| ४ | दल बहादुर पुन | अन्नपूर्ण ८ | फापर | २१केजी | ७ पाथी |
| ५ | बिमल पुन | अन्नपूर्ण ८ | सिलम | ५८.५ केजी | १९पाथी ४ माना |
| ६ | लालमाया खोरजा | अन्नपूर्ण ८ | काडे मकै | ३०० केजी | ५ मुरी |
| | जसमाया पुर्जा पुन | अन्नपूर्ण ८ | घैया | ३० केजी | १० पाथी |
| ८ | लाँल बहादुर गर्वुजा | अन्नपूर्ण ७ | सेल्टुङ | १३५ केजी | ४५ पाथी |
| ९ | खड्क बहादुर पुर्जा | अन्नपूर्ण ७ | बोडी | ३० केजी | १०पाथी |

२० अन्नपूर्ण गाँउपालिका वडा नं.२ भुरुङ तातोपानीको आ.व. २०८१।०८२ को लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि पशु उत्पादनका कार्यक्रम अन्तर्गत (तरकारी उत्पादनका लागि प्लाष्टिक घर) निर्माण कार्यक्रममा संचालनका लागि तपसिलको कृषि फर्महरु छनौट गर्ने ।

| क्र.स. | कृषि फर्म र कृषक समूहको नाम | ठेगाना | संचालकको नाम | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | आरोस फलफूल, तरकारी तथा पशुपंछी फर्म | अन्नपूर्ण २ भु. तातोपानी | डिलु पुर्जा | ९७४५४४६३६२ | |
| २ | सुजन कृषि तथा पशुपालन फर्म | अन्नपूर्ण २ भु. तातोपानी | सुजन राम्जाली | ९८४६२२५२२५ | |

**निर्णय नं ९ :**

प्रस्ताव नं ९ उपर छलफल गर्दा रुप्से बिल्डर्स प्रा.लि.ले मिति २०८२।०१।११ गते यस गाउँपालिकामा फर्म ठाउँसारी गराईपाउँ भन्ने निवेदन उपर छलफल गर्दा रुप्से बिल्डर्स प्रा.लि.ले नामको व्यवसाय काठमाण्डौ महानगरपालिका वडा नं १० बाट अन्नपूर्ण गाउँपालिका वडा नं ३ दाना ठाउँ सार्नको लागि निवेदन सहित आवश्यक कागजातहरु पेश गरेको हुँदा अन्नपूर्ण गाउँपालिकाको 'घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५' को पहिलो संशोधन (२०८०) को दफा ६(क) मा भएको संशोधन व्यवस्था बमोजिम संशोधनको प्रतिलिपि प्रमाणपत्र जारी गर्ने र उक्त प्रमाणपत्रको लागि गाउँपालिकाको आर्थिक ऐनमा स्पष्ट व्यवस्था नभएको हुँदा रु ५,०००/- ( अक्षेरुपी पाँच हजार ) संशोधन प्रमाणपत्र शुल्क लिने ।

निर्णय नं १० :

प्रस्ताव नं १० उपर छलफल गर्दा संघीय सरकारबाट समपुरक अनुदानमा निर्माण कार्य भइरहेको सेकार्कु तातोपानी कुण्डमा पूर्वाधार निर्माण ( Construction of Infrastructure at Sekarku Tatopani Kunda) को निर्माण कार्य अन्तिम चरणमा रहेको र उक्त कुण्डमा तातोपानी बग्ने पाइपहरु कालीगण्डकीको किनारबाट लैजानुपर्ने हुँदा हाल बर्खायाममा उक्त पाइपको संरक्षण गर्न सम्भव नहुने हुँदा चालु आ.व.मा पाइप बाहेक अरु कार्यहरुको मूल्याङ्कन गरी भुक्तानी गर्ने साथै आगामी आ.व.' २०८२।८३ को लागि उक्त आयोजनाको लागि संघीय सरकारमा बजेट माग नगरिएको तर ठेक्का सम्झौताको अन्तिम मिति २०८३।०१।३० रहेकाले पाइप सम्बन्धी कार्य आगामी आ.व. २०८२।८३ गाउँपालिकाले आफ्नो आन्तरिक स्रोत मार्फत निर्माण सम्पन्न गर्ने।

निर्णय नं ११ :

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने ।

१) Yes and Yes Construction Pvt Ltd कास्कीले **खिवाङ घराम्दी सडक निर्माण आयोजना**को कार्यसम्पन्न गर्नुपर्ने अन्तिम म्याद २०८२।०२।१४ सम्म रहकोमा कार्यसम्पन्न गर्नको लागि म्याद थपको मागको निवेदन पेश गरेकाले उक्त आयोजना सम्पन्न गर्न २०८२।०३।१५ सम्मको म्याद थप गर्ने र समयमै काम सम्पन्न गर्न पत्राचार गर्ने।

२) सुन्दर पोखरा निर्माण सेवा प्रा.लि.ले बैसरी-हल्लेखर्क-कुरमुनी-पोखरेवगर एक घर एक धारा खानेपानी आयोजनाको कार्यसम्पन्न गर्नुपर्ने अन्तिम म्याद २०८२।०२।३१ सम्म रहकोमा कार्यसम्पन्न गर्नको लागि म्याद थपको निवेदन पेश गरेकाले उक्त आयोजना सम्पन्न गर्न २०८२।०३।१५ सम्मको म्याद थप गर्ने र समयमै काम सम्पन्न गर्न पत्राचार गर्ने ।

३) गाउँपालिकाको आय ठेक्का लाग्ने स्थान अन्नपूर्ण ६ घोरेपानीमा पुनहिलमा चियाकफी सप सञ्चालन र प्रवेश शुल्क संकलन गर्ने स्थानमा पानी सप्लाई गर्न आवश्यक पर्ने सामग्री ( वाटर पम्प) खरिद गरी जडान गर्दा लागेको रकम **'आयठेक्का लाग्ने स्थानमा सामग्री व्यवस्था'** वा **'मेशिनरी तथा औजार'** शिर्षकबाट भुक्तानी गर्ने ।

४) ६ नं वडा कार्यालयको चलानी नं ११००, मिति २०८२।०१।३१ आर्थिक सहयोग गरिदिने समन्धको सिफारिस अनुसार अन्नपूर्ण गाउँपालिका वडा नं ६ बस्ने नर नेपाली नेपालीको घर ढुङ्गा माटोले बनेको र जस्तापाताले छानो छाएको जिर्ण भएको र निजको आर्थिक अवस्था समेत कमजोर भएकाले निज नर वहादुर नेपालीलाई अन्य आर्थिक सहायता शिर्षकबाट रु ५,०००/- (अक्षेरुपी पाँच हजार) आर्थिक सहायता गर्ने ।